# बाल विवाह व्यापकता सर्वेक्षण, राजापुर नगरपालिका, बर्दिया
# Child Marriage Prevalence Survey, Rajapur Municipality, Bardiya

**Plan International Nepal** **Rajapur Municipality, Bardiya** **BUC Banke**

## विषयसूची (Contents)


शब्दावली तथा परिभाषा ........ 2
सारांश (Summary) ........ 3
एकाइ १ परिचय ........ 5
१.१ पृष्ठभूमि (Background) ........ 5
एकाइ २ सर्वेक्षण क्षेत्र र विधि ........ 7
२.१ नगरपालिकाको पृष्ठभुमि (Background of Municipality) ........ 7
एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings) ........ 9
३.१ उत्तरदाताहरूको सामान्य जानकारी ........ 9
३.१.१ उत्तरदाताहरुको जात/जाति ........ 9
३.१.२ उत्तरदाताहरुको धर्म ........ 9
३.१.३ जन्म दर्ता ........ 9
३.१.४ परिवार सदस्यहरुको शिक्षाको अवस्था ........ 10
३.१.५ पढाइ निरन्तरता नहुनुका कारणहरु ........ 10
३.१.६ उत्तरदाताका परिवारका सदस्यहरूको पेशा ........ 11
३.२ बालविवाह ........ 12
३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था ........ 12
३.२.२ विवाहित बालबालिकाको शिक्षा स्तर ........ 13
३.२.३ विवाह अघि र पछिको पेशा ........ 13
३.२.४ वैवाहिक स्थिति, गर्भावस्था स्थिति र सन्तान ........ 14
३.२.५ कम उमेरमा बिबाह/बालविवाहका कारणहरू ........ 14
३.२.६ विवाहको कानुनी उमेर, बालबिवाह सम्बन्धी जानकारी र बालविवाह प्रचलन हुने कारणहरू ........ 14
३.२.७ सम्भावित विकल्पहरू न्यूनीकरण/बालविवाहको अन्त्य ........ 15
३.२.८ कम उमेरमा विवाहले केटाकेटीको जीवनमा नकारात्मक असरहरू बारे ज्ञान ........ 15
३.२.९ बालविवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ........ 16
३.२.१० बालविवाह उन्मूलनका लागि यस क्षेत्रमा काम गर्ने संस्थाहरू बारे जानकारी ........ 16
४ मुख्य निष्कर्ष ........ 17
५ परिशिष्ट ........ 19

## शब्दावली तथा परिभाषा

**बाल बालिका :** संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

## सारांश (Summary)


लुम्बिनी प्रदेशमा अन्तर्गत बर्दिया जिल्लाको राजापुर नगरपालिकामा बाल विवाह व्यापकता सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । सर्वेक्षणले मात्रात्मक दृष्टिकोण अनुसार क्रस-सेक्शनल अनुसन्धान डिजाइनमा कार्य गरिएको थियो । सर्वेक्षणको लागि डाटा/सूचना प्राथमिक सङ्कलन गर्न ५४५ उत्तरदाताहरूलाई (३८९ महिला र १५६ पुरुष) प्रश्नावली सोधिएको थियो ।

सर्भेक्षणको सार निम्नअनसार छन् ।

- राजापुरमा प्रश्नावली सोधिएकोमा १४११ महिला र १४९३ पुरुष गरी २९०४ जना घरपरिवारका सदस्यहरु थिए ।
- उत्तरदाताहरु मध्ये सबैजसो हिन्दु धर्म अवलम्वन गर्ने मानिसहरु थिए ।
- उत्तरदाताहरुको परिवार सदस्य मध्ये आधा भन्दा वढिले जन्म दर्ता प्रमाणपत्र देखाएको २० प्रतिशतले दर्ता भए पनि प्रमाणपत्र नदेखाएका र ५ प्रतिशतको दर्ता नै नगरेको पाइयो ।
- जन्म दर्ता नभएकाहरु मध्ये थाहा नभएर, जन्म दर्ता महत्व नदिएर, बाबु आमाको नागरिकता नभएर, बाबु आमा नभएर भन्ने उत्तर पाइयो ।
- उत्तरदाताहरुको परिवार सदस्यहरुको मध्ये सबैभन्दा धेरै पढ्न छाडेका (३९ प्रतिशत), लागु नहुने (३० प्र.) विद्यालय तह (२७ प्र.) र कलेज तह (४ प्र.) रहेका छन् ।
- उत्तरदाताहरुको परिवार सदस्यहरुमा पढ्न छाड्ने कारणहरु मध्ये व्यक्तिगत, पारिवारिक, आर्थिक र बिबाह भएकाले मख्य हुन् । यसमा पनि २७ प्रतिशतले बिबाह भए पछि पढाइ छाडेका छन् ।
- उत्तरदाताका परिवारका सदस्यहरूको मुख्य पेशा कृषि पशुपालन (४९ प्रतिशत), मजदुरी (१५ प्र) बिद्यार्थी (२० प्र.) रहेको छ ।
- राजापुर नगरपालिकामा एक वर्षमा ९७० बिबाह भएका थिए । यसमा ४६५ बिबाह बालबिबाहमा पर्दछन् जुन जम्मा बिबाहको ४८ प्रतिशत हुन आउँछ । वडा नं ७ र ९ मा वढि र वडा नं ३ मा कम छ ।
- बिबाह हुँदा र बिबाह पछिको शिक्षाको अवस्था हेर्दा विद्यालय तहमा पढाइ छोड्नेको संख्या बढि छ भने कलेज तहमा बढेको देखिन्छ ।
- बिबाह अघि पढिहेको संख्या ६३ जना भएकोमा बिबाह पछि १३ जना (२० प्रतिशत मात्र) भने कृषि पशपालन, मजदरी, गृहणीमा बृद्धि भएको पाइयो ।
- बिबाह भएको एक वर्षमा एक जनाको छोडपत्र भएको, १९ जना गर्भवति र १८ जनाको बच्चा भएको पाइयो ।
- उत्तरदाताहरुमा कम उमेरमा बिबाह भएका कारणहरु सोध्दा ३२ प्रतिशतले केटा वा केटी राम्रो भएर, २७ प्रतिशतले राम्रो परिवार भएर र २५ प्रतिशतले बालबिबाह नभएको हुनाले बिबाह गरेको उत्तर दिएका थिए ।
- बिबाहको कानुनी उमेरको बारेमा २९९ महिला र ९६ पुरुषले थाहा छ भन्ने उत्तर पाइयो । यसमा ३२४ महिला र १०७ पुरुषले बालबिबाहको प्रचलन छ भने ४४ महिला र २३ पुरुषले प्रचलन छैन भने । समुदायमा बालविवाह प्रचलन जारी रहने कारणहरूमा आफै प्रेम सम्मन्ध भएर (३३ प्र.), साथीको लयलयमा लागेर (१८), पहिलेदेखि चलेको परम्परा (१३) र गरीबि (१२ प्र.) मुख्य हुन् ।

- बालबिवाहको प्रचलनमा न्यूनीकरण वा अन्त्यको लागि बालबालिकामा जनचेतना (२२ प्र.) तथा अभिभावकमा जनचेतना (१६ प्र.), कानून लागु गर्ने (१२ प्र.) अनिवार्य शिक्षा (१२ प्र.) मुख्य विकल्पहरु हुन ।
- कम उमेरमा गरिने बिवाहले केटा केटीमा पर्ने नकारात्मक असर मध्ये विद्यालय जान छोड्ने (१७ प्र.), स्वास्थ्य सम्बन्धी समस्या (१७ प्र.), चाडै गर्भवती हुने (१७ प्र.) साथै समाजिक, मानसिक तथा आर्थिक समस्याहरु हुन् ।
- कम उमेरमा गरिने बिवाह गर्न गराउनु हुदैन (२३ प्र.), यदि गराएमा बिवाह दर्ता नहुने (३७ प्र.), बिवाह स्वत कदर हुने (१७ प्र.), कैद तथा जरिवाना (१६ प्र.) जस्ता कानुनी तथा परिणाम बारे जानकारी भएको पाइयो ।
- उत्तरदाताहरुले यस नगरपालिकामा २३ वटा संस्थाहरुले बालबिवाह उन्मुलनमा काम गरिराखेका उत्तर दिए ।

# एकाइ १ परिचय

## १.१ पृष्ठभूमि (Background)

नेपालमा प्रचलित बालविवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । यसबाहेक, कोभिड १९ ले सामाजिक र आर्थिक क्षेत्रलाई थप समस्याग्रस्त बनाएकोले बालबालिकाहरु मानसिक रूपमा विचलित र भविष्य प्रति चिन्तित भएका छन् । यसैत नेपालमा बालविवाहको प्रचलन बढी छ जस्मा २०-२४ वर्षका नेपाली महिला मध्ये ३७% ले १८ वर्षको उमेरमा पहिलो विवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा विवाह भएको पाइन्छ । बालविवाहको प्रचलन दर पुरुषको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालविवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालविवाहको प्रचलन फरक फरक पाइन्छ ।

त्यसैगरी, नेपालभर किशोरकिशोरीहरूमा यौन हिंसाको दर उच्च छ । यो पनि क्षेत्र अनुसार फरक फरक हुन्छ । मध्य-पश्चिम र सुदूर-पश्चिम क्षेत्रहरू भन्दा तराई क्षेत्रमा उल्लेखनीय रूपमा उच्च यौन हिंसाका घटनाहरू भएको पाइन्छ । तराई क्षेत्रमा हाल १५ देखि १९ वर्ष उमेर समूहका ३७% विवाहित युवतीले यौन हिंसा र १९% ले अन्य प्रकारका शारीरिक हिंसाको घटनाहरु भएको एक सर्वेक्षणले देखाएको छ । केटीहरूलाई यौन हिंसाबाट जोगाउने, विवाहपूर्व यौनसम्बन्धलाई रोक्ने, अन्तरजातीय विवाहको कारणले परिवारमा हुने कुनै पनि कथित अनादरबाट बच्ने र परिवारमा पारिवारिक सम्मानको भावनालाई पुनर्स्थापित गर्ने जस्ता विभिन्न समस्याहरूबाट रोक्न बालविवाहको प्रचलन छ ।

नेपालको संविधान (संविधान २०१५) ले बालविवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालविवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार; खतरनाक कामबाट संरक्षणको अधिकार; र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको छटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घनका लागि न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले पनि नेपालमा बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, २०१६ लाई अपनाएको छ, जसले बालविवाह विरुद्ध लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले २०३० सम्ममा बालविवाह उन्मूलन गर्नेछ । यसले बालविवाह अन्त्य गर्न बहु-क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात केटीहरू र किशोरकिशोरीहरूको सशक्तिकरण; बालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा; केटाहरू, किशोरकिशोरीहरू र पुरुषहरूलाई संलग्न गराउने; परिवार र समुदायलाई परिचालन गर्ने; सेवाहरूमा पहुँच; र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालविवाह घटाउने सूचकहरू 80% हुनुपर्ने भनी घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना स्थलमा पर्ने बर्दियाको राजापुर नगरपालिकामा बाल/कम उमेरमा हुने विवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सिफारिसका आधारमा

प्लान इन्टरनेशनल/नेपालले उक्त नगरपालिकामा बालविवाह न्यूनीकरण गर्न स्थानीय सरकारहरूसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

## १.२ सर्वेक्षणको उद्देश्य

सर्वेक्षणको समग्र उद्देश्य बर्दिया जिल्लाको राजापुर नगरपालिकामा बालविवाहको व्यापकता/प्रचलनको मूल्याङ्कन गर्नु हो ।

# एकाइ २ सर्वेक्षण क्षेत्र र विधि

## २.१ नगरपालिकाको पृष्ठभुमि (Background of Municipality)

राजापुर नगरपालिका लुम्बिनी प्रदेश (नम्बर ५) अन्तर्गत बर्दिया जिल्लामा पर्दछ । यो नगरपालिकाले बर्दिया जिल्लाको पश्चिमपट्टि कैलाली जिल्लासंग जोडिएको १२७.०८ वर्ग कि. मी क्षेत्रफल ओगटेको छ । यस नगरपालिकामा १३७११ घरपरिवारमा कुल जनसंख्या ६१४३१ (२९१६६ पुरुष, ३२२६५ महिला) रहेको छ (Preliminary report of CBS 2078) । नगरपालिकाको साक्षरतामा हेर्दा ६४.७ प्रतिशत जनसंख्या साक्षर भएकोमा ७३.०६ प्रतिशत पुरुष र ५७ प्रतिशत महिला साक्षरता रहेको छ । यस नगरपालिकाभित्र सामुदायिक र संस्थागत गरी कुल ५० वटा शैक्षिक संस्था रहेका छन् जसमध्ये आधारभूत (१ देखी ५), आधारभूत (१ देखी ८), र माध्यामिक  तहका क्रमशः  २९, ९ र १२ वटा विद्यालय रहेका छन् । नगरपालिकाभित्र विद्यालय जाने उमेर समूह मध्ये पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहगत अध्ययन गर्ने छात्रछात्राहरुको संख्या क्रमशः १५५८, १५१३९ र ८८०४ जना रहेको छ । यसमा पनि वालिकाको संख्या पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहगतमा अध्ययन गर्नेहरुको संख्या क्रमशः ७३१, ६८३३, र ४०५० जना रहेको छ । (स्रोतः नगरपालिका website र जिल्ला प्रोफाइल २०७५) ।

## २.२ सर्वेक्षण दृष्टिकोण र विधिहरू

परिमाणात्मक (Quantitative) दृष्टिकोणमा आधारित भई क्षितिज खण्डात्मक (Cross sectional) अनुसन्धान ढाँचामा सर्वेक्षण कार्य गरिएको थियो । पालिकाका सबै क्षेत्रहरूमा एउटै प्रश्नावली प्रयोग गरि २०२१ मा एकै समयमा सर्वेक्षण गरिएको थियो ।

## २.३ पूर्वकार्य समीक्षा

परियोजना टोलीले अनुसन्धान प्रतिवेदन, आधारभूत अध्ययन, नेपालको जनसांख्यिकीय तथा स्वास्थ्य सर्वेक्षण, राष्ट्रिय जनगणना, आदि लगायतका सान्दर्भिक कागजातहरूको पूर्वसमीक्षा गरेको थियो । समीक्षा कार्य गर्दा बालविवाहसम्बन्धी अनुसन्धानको कमी र सर्वेक्षण विधि र मुद्दाहरू पहिचान गरेको थियो । कागजात समीक्षाहरूको आधारमा, सर्वेक्षणको प्रत्येक नतिजा अनुरूप प्रमुख सूचकहरू विकसित गरिएको थियो । त्यसपछि बालविवाहसम्बन्धी सूचकहरूलाई सर्वेक्षणको लागि उपयुक्त साधनहरू/ढाँचाहरु निर्माण गरिएको थियो ।

## २.४ नमूना प्रक्रिया र तथ्यांक छनौट संख्या

यो सर्वेक्षण कार्य प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्यांकन, अनुसन्धान तथा सिकाइ (MERL) एकाइको सहयोगमा बाँके युनेस्को क्लब (बियुसी) टोलीले सर्वेक्षण गरेको हो । प्लान इन्टरनेशनल नेपाल MERL टोलीले सर्वेक्षण पद्धति, उपकरण, नमूना, प्रश्न र चेकलिस्ट डिजाइन कार्यमा संलग्न भई सहयोग गरेको थियो ।

जानकारी सङ्कलन गर्न गुणस्तर निर्धारण गर्न नमूना सर्भेक्षण गरिएको थियो । नगरपालिकाको प्रत्येक वडामा पर्यवेक्षण क्षेत्र/क्लस्टर पहिचान गरिएको थियो । घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा सञ्चालन गरिएको छ जहाँ छनोट गरिएको प्रत्येक वडाबाट उत्तरदाता छनोट भएका सर्वेक्षणको लागि तथ्याङ्क/सूचना प्राथमिक स्रोतहरूद्वारा सङ्कलन गरिएको थियो जहाँ कुल उत्तरदाता ५४५ थिए जसमा ३८९ महिला र १५६ पुरुष थिए । यसमा कुल २९०४ घरपरिवारहरू छन् जसमा ९७० जनाको एक वर्ष भित्र विवाह भएको थियो । एक प्रत्यक्ष अन्तर्वार्ता उत्तरदाताको लिखित सहमतिमा लिइएको थियो जुन मोबाइल फोनमा प्रविष्ट/रेकर्ड गरिएको थियो ।

### २.५ तथ्यांक सङ्कलन र विश्लेषण

निर्धारित ढांचामा २१ प्रश्नहरू सोधिएको थियो । प्रश्नावली कोबो टूलबक्समा डिजाइन गरिएको थियो र एन्ड्रोइड फोनहरू उत्तरदाताबाट व्यक्तिगत प्रश्नावली सङ्कलन गर्न प्रयोग गरिएको थियो ।

तथ्याङ्क सङ्कलनमा गणकहरू संलग्न थिए र उनीहरूलाई फिल्ड डाटा सङ्कलन अघि प्रश्नावली र मोबाइल एप्लिकेसनको तालिम दिइएको थियो । त्यसैगरी तालिम अवधिमा मैदानमै पूर्वपरीक्षण गरिएको थियो ।

प्रत्येक एन्ड्रोइड फोनबाट लिएका तथ्यांक, कोबो सर्भरमा अपलोड गरिएको थियो र कोबोबाट डाटा एक्सेलमा सारेर तथ्यांक एकिकृत गरिएको थियो । एक विशेषज्ञ टोलीले SPSS सफ्टवेयर प्रयोग गरेर डाटा विश्लेषण गरिएको थियो । यसले टेबल र चार्टहरू सिर्जना गर्न माइक्रोसफ्ट एक्सेल पनि प्रयोग गरिएको थियो ।

### २.६ विश्वसनीयता र वैधता

सर्वेक्षणको लागि डिजाइन गरिएका साधन तथा उपकरणहरूको गुणस्तर, विश्वसनीयता, र वैधता सुनिश्चित गर्न सर्भेक्षण परियोजना व्यवस्थापन टोलीका प्रतिनिधिहरूसँग बैठक र परामर्श सञ्चालन गरिएको थियो जहाँ पूर्व-परीक्षण प्रश्नावली प्रयोग गरिएको थियो । MERL टोलीले तथ्याङ्क सङ्कलन अघि गणकहरूलाई तालिम दिएको थियो । नमूनापछि यसको प्रभावकारिता र केहि आवश्यक सुधार गर्न सर्वेक्षण टोली बीच छलफल गरिएको थियो । यसले पनि सुनिश्चित गऱ्यो कि सर्वेक्षण टोलीका सबै सदस्यहरूले छलफलको क्रममा तथ्यांकहर संकलन उपकरणहरू कसरी प्रयोग गर्ने र समूह गतिशीलतालाई कसरी निरन्तरता दिने भन्ने बारे समान बुझाइ बनाइएको थियो ।

### २.७ बाल संरक्षण, सहमति र गोपनीयता

तालिमको क्रममा सर्भेक्षण परियोजना कार्य व्यवस्थापन टोलीबाट गणकहरूलाई बाल सुरक्षा नीति/बाल संरक्षण नीति बारे अभिमुखीकरण प्रदान गरिएको थियो । सर्वेक्षणको क्रममा बालबालिका/युवा मानिसहरूलाई दुर्वव्यवहार वा दुर्वव्यवहार हुन सक्ने कुराबाट रोक्न वा प्लान इन्टरनेशनलको बालबालिका र युवाहरू ( SCYP) सुरक्षा नीति, “बालबालिका र युवाहरूलाई सुरक्षित र सुरक्षित राख्नको लागि हो भन्नेलाई कडाइका साथ पालना गरिएको थियो ।। गणनाकर्ताहरूको तालिममा MERL टोलीद्वारा गणकहरूलाई अनुसन्धान नैतिक विधि प्रदान गरिएको थियो । गणकर्ताहरूले फोटो खिच्नु अघि उत्तरदाता र बालबालिकाका अभिभावकहरूको सहमति लिने र उनीहरूका तस्बिरहरू, शब्दावली वा केसहरू प्रतिवेदन र सार्वजनिक प्रसारको लागि प्रयोग गर्न सकिन्छ कि सकिदैन भनेर सोध्ने र अनुमती लिने कार्य गरिएको थियो ।

गणकहरू कुनै पनि अनुसन्धान अघि सम्बन्ध स्थापित गर्ने र विश्वास निर्माणको लागि सर्वेक्षणमा सहभागीहरूसँग प्रत्यक्ष संलग्न रहने हुँदा सहभागीहरूको लिखित सहमति मागिएको थियो । उनीहरूलाई सर्वेक्षणको क्रममा कुनै पनि समयमा आफ्नो सहभागिता फिर्ता लिन सक्ने छुट प्रदान गरिएको थियो । सर्वेक्षण सेटिङको संस्कृति भित्र गणकहरू र अनुसन्धान गरिएका बीचको सम्बन्धलाई ध्यानमा राख्दै, सर्वेक्षण प्रश्नावलीहरू व्यवस्थापन गर्दा गणकहरूलाई 'पूर्ण तटस्थ', 'निर्णयविहीन' वा सर्वेक्षण सन्दर्भबाट कम से कम टाढा रहने प्रयास गरिएको थियो । तथ्याङ्क प्रस्तुति र विश्लेषणको क्रममा उत्तरदाताहरूको नाम र उनीहरूका जवाफहरूमा गुमनाम र गोप्य राखिएको थियो ।

# एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings)

## ३.१ उत्तरदाताहरूको सामान्य जानकारी

राजापुरमा ३८९ महिला र १५६ पुरुष गरी ५४५ जनासंग प्रश्नावली सोधिएको थियो । यसमा १४११ महिला र १४९३ पुरुष गरी २९०४ जना घरपरिवारका सदस्यहरु थिए । अपाङ्गता भएका जनसंख्या १८ (१ प्रतिशत) जना रहेको छ ।

### ३.१.१ उत्तरदाताहरुको जात/जाति

यस नगरपालिकामा सबैभन्दा वढि तराई जनजाति रहेका छन् (तालिका १) ।
तालिका १. जात/जातिको बिवरण

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जम्मा | ३८९ | १५६ | ५४५ |
| तराई दलित | ९ | २ | ११ |
| तराई जनजाति | ३६५ | १३९ | ५०४ |
| पहाडी जनजाति | १ | १ | २ |
| ब्राम्हण क्षेत्री | १२ | १२ | २४ |
| मधेशी | १ | २ | ३ |
| अन्य | १ | | १ |

### ३.१.२ उत्तरदाताहरुको धर्म

उत्तरदाताहरु मध्ये सबैजसो हिन्दु धर्म अवलम्वन गर्ने र केही क्रिश्चियन धर्म मान्ने मानिसहरु छन्

तालिका २. धर्म सम्बन्धी बिवरण

| धर्म | महिला | परुष | जम्मा |
|---|---|---|---|
| | ३८९ | १५६ | ५४५ |
| हिन्दु | ३७६ | १५६ | ५३२ |
| क्रिश्चियन | १३ | | १३ |

### ३.१.३ जन्म दर्ता

उत्तरदाताहरुको परिवार सदस्य मध्ये आधा भन्दा वढिले जन्म दर्ता प्रमाणपत्र देखाएको २० प्रतिशतले दर्ता भए पनि प्रमाणपत्र नदेखाएका र ५ प्रतिशतको दर्ता नै नगरेको पाइयो (तालिका ३) ।
तालिका ३. जन्म दर्ता तथ्यांक

| | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| जम्मा | १४९३ | १४११ | २९०४ | |
| उमेर १८ वर्षभन्दा माथि भएकोले लागु नहुने | ३७५ | ३४९ | ७२४ | २५ |
| दर्ता भएको प्रमाणपत्र देखाएको | ७५५ | ७१६ | १४७१ | ५१ |
| दर्ता भएको तर प्रमाणपत्र नदेखाएको | २८४ | २८४ | ५६८ | २० |
| दर्ता भएको छैन | ७९ | ६२ | १४१ | ५ |

जन्म दर्ता नभएकाहरु मध्ये थाहा नभएर, जन्म दर्ता महत्व नदिएर, बाबु आमाको नागरिकता नभएर, बाबु आमा नभएर भन्ने उत्तर पाइयो (तालिका ४)।

तालिका ४. जन्म दर्ता नहुनाका कारण

| | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | १४९३ | १४११ | २९०४ | ०.०० |
| थाहा नभएर | ३० | १६ | ४६ | १.५८ |
| बाबु आमाको नागरिकता नभएर | ६ | ८ | १४ | ०.४८ |
| वडा वा गाँउ सचिव नभएर | १ | १ | २ | ०.०७ |
| बुवा आमाकोबिबाह दर्ता नभएर | ७ | ५ | १२ | ०.४१ |
| जन्मदर्तालाई महत्व नदिएको | ३४ | ३० | ६४ | २.२० |
| आमा वा बुवाथाहा नभएर | १ | २ | ३ | ०.१० |
| जन्मदर्ता भएको | १४१४ | १३४९ | २७६३ | ९५.१४ |

## ३.१.४ परिवार सदस्यहरुको शिक्षाको अवस्था

उत्तरदाताहरुको परिवार सदस्यहरुको मध्ये सबैभन्दा धेरै पढ्न छाडेका (३९ प्रतिशत), लागु नहुने (३० प्र.) विद्यालय तह (२७ प्र.) र कलेज तह (४ प्र.) रहेका छन् (तालिका ५)।

तालिका ५. उत्तरदाताहरुको परिवार सदस्यहरुको शिक्षाको अवस्था

| | जम्मा | प्रतिशत |
|---|---|---|
| कक्षा ५ सम्म | २६३ | ९ |
| कक्षा ८ सम्म | १६७ | ६ |
| कक्षा १० सम्म | १६९ | ६ |
| प्रमाण पत्र तह | १८८ | ६ |
| स्नातक | ९४ | ३ |
| स्नातकोत्तर वा माथि | २३ | १ |
| लागु नहुने | ८७० | ३० |
| हाल पढ्नछाडेको | ११३० | ३९ |

## ३.१.५ पढाइ निरन्तरता नहुनुका कारणहरु

उत्तरदाताहरुको परिवार सदस्यहरुमा पढ्न छाड्ने कारणहरु मध्ये व्यक्तिगत, पारिवारिक, आर्थिक र बिवाह भएकाले भन्ने धेरै छन्। यसमा पनि २७ प्रतिशतले बिवाह भए पछि पढाइ छाडेका छन् (तालिका ६)।

तालिका ६। उत्तरदाताहरुको परिवारहरुको पढाइ निरन्तरता नहुनुका कारणहरु

| | प्रतिशत |
|---|---|
| बिद्यालयको अभाब भएर | ४ |
| बाबु आमाको इच्छा नभएकाले | ४ |
| अनौपचारिक शिक्षा लिईरहेकाले | ४ |
| उमेर बढी भएकाले | ८ |
| धेरै काम गर्नु परेकाले | १९ |
| आर्थिकअवस्था कम्जोर भएकाले | १५ |
| बिवाह भएकाले | २७ |
| पढ्न मन नलागेर | १९ |

### ३.१.६ उत्तरदाताका परिवारका सदस्यहरूको पेशा

उत्तरदाताका परिवारका सदस्यहरूको मुख्य पेशा कृषि तथा पशुपालन (४९ प्रतिशत), मजदुरी (१५ प्र) बिद्यार्थी (२० प्र.) रहेका छन् (तालिका ७) ।

तालिका ७. उत्तरदाताका परिवारका सदस्यहरूको पेशा

| पेशा | प्रतिशत |
|---|---|
| लागु नहुने | ४ |
| कृषि/ पशु/ माछा पालन | ४९ |
| कर्मचारी | ३ |
| मजदुरी | १५ |
| बेरोजगार | २ |
| ब्यापार /व्यवसाय | ३ |
| ज्यालादारी | ३ |
| बैदेशिकरोजगारी | १ |
| बिद्यार्थी | २० |
| जनप्रतिनिधि | ० |
| गृहणी | ९ |
| अन्य | ० |

## ३.२ बालविवाह

### ३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था

राजापुर नगरपालिकामा एक वर्षमा ९७० जनाको बिवाह भएका थियो। यसमा ४६५ बिवाह बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाहको ४८ प्रतिशत हुन आउँछ। वडा नं ७ र ९ मा वढि छ च भने वडा नं ३ मा कम छ (तालिका ८)।

तालिका ८. वडा अनुसार बालविवाहको अवस्था

| | बार्षिक बिबाह विवरण | बाल बिबहा | प्रतिशत |
|---|---|---|---|
| जम्मा | ९७० | ४६५ | ४८ |
| वडा न-१ | ९० | ४३ | ४८ |
| वडा न-२ | १४८ | ६३ | ४३ |
| वडा न-३ | ११० | ४३ | ३९ |
| वडा न-४ | ६५ | ३६ | ५५ |
| वडा न-५ | ७३ | २४ | ३३ |
| वडा न-६ | १३२ | ६६ | ५० |
| वडा न-७ | ८२ | ५३ | ६५ |
| वडा न-८ | ७९ | ३४ | ४३ |
| वडा न-९ | ८४ | ५५ | ६५ |
| वडा न-१० | १०७ | ४८ | ४५ |

बालबिवाह भएका मध्ये ११ जनाको मात्र दर्ता भएको र ४५४ (९७ प्रतिशत) जनाको दर्ता नभएको पाइयो। बाल बिवाहमा केटाकेटी आफैले गर्नेहरुमा ९१ प्रतिशत र अभिभावकहरुले गर्नेहरुमा ९ प्रतिशत पाइयो ( तालिका ९)

तालिका ९. बिबाह गर्ने गराउने

| | परुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | १५३ | ३१२ | ४६५ | |
| आफैले विवाह गरेको | १४५ | २८० | ४२५ | ९१ |
| अभिभावकले गरिदीएको बिवाह | ८ | ३२ | ४० | ९ |

### ३.२.२ विवाहित बालबालिकाको शिक्षा स्तर

बिवाह हुँदा र बिवाह पछिको शिक्षाको अवस्था हेर्दा विद्यालय तहमा पढाइ छोड्नेको संख्यामा बृद्दि छ भने कलेज तहमा थप भएको देखिन्छ (तालिका १०)।

तालिका १०. विवाहित बालबालिकाको शिक्षा स्तर

| शैक्षिक स्तर | विवाह हुँदाको शैक्षिकतह | हाल उहाँको शैक्षिकतह | फरक |
|---|---|---|---|
| कक्षा - ४ | ४ | ६ | -२ |
| कक्षा - ५ | १० | ११ | -१ |
| कक्षा - ६ | १९ | १८ | -१ |
| कक्षा - ७ | ४० | ३९ | -१ |
| कक्षा - ८ | ५१ | ४२ | -९ |
| कक्षा - ९ | ५७ | ४२ | -५ |
| कक्षा - १० | ९९ | ७९ | -२० |
| एस एल सि वा एसई ई | १४ | ७ | -७ |
| कक्षा - ११ | ३४ | २६ | -८ |
| कक्षा - १२ | ६३ | ६० | -३ |
| प्रमाणपत्रतह | १ | २ | +१ |
| स्नातक | ९ | १२ | +३ |
| हाल पढ्न छाडेको | ५९ | १२० | -६१ |
| लागु नहुने | ३ | ३ | |
| जम्मा | ४६५ | ४६५ | |

### ३.२.३ विवाह अघि र पछिको पेशा

बिवाह अघि पढिहेको संख्या ६३ जना भएकोमा बिवाह पछि १३ जना (२० प्रतिशत) मात्र भए भने कृषि पशपालन, मजदरी, गृहणीमा बृद्धि भयो (तालिका ११)।

तालिका ११ विवाह अघि र पछिको पेशा

| पेशा | विवाहभन्दा पहिला | विवाह पछि |
|---|---|---|
| कृषि/पशु/ माछा पालन | ९ | २३ |
| कर्मचारी | ० | ० |
| मजदुरी | १७ | २५ |
| बेरोजगार | ३ | २ |
| ब्यापार/व्यवसाय | १ | २ |
| ज्यालादारी | १ | २ |
| पढी रहेको | ६३ | १३ |
| बैदेशिक रोजगार | ० | ० |
| जनप्रतिनिधि | ० | ० |
| गृहणी | ७ | ३३ |

### ३.२.४ वैवाहिक स्थिति, गर्भावस्था स्थिति र सन्तान

बिवाह भएको एक वर्षमा एक जनाको छोडपत्र भएको, १९ जना गर्भवति र १८ जनाको बच्चा भएको पाइयो (तालिका १२) ।

तालिका १२. वैवाहिक स्थिति, गर्भावस्था स्थिति र सन्तान

| | छ | छैन | लागु नहुने | जम्मा |
|---|---|---|---|---|
| वैवाहिक अवस्था निरन्तरता | ४६४ | १ | | ४६५ |
| गर्भवति | १९ | २९४ | १५२ | ४६५ |
| सन्तान | १८ | ४०५ | ४२ | ४६५ |

### ३.२.५ कम उमेरमा बिबाह/बालविवाहका कारणहरू

उत्तरदाताहरुमा कम उमेरमा बिबाह भएका कारणहरु सोध्दा ३२ प्रतिशतले केटा वा केटी राम्रो भएर, २७ प्रतिशतले राम्रो परिवार भएर र २५ प्रतिशतले बालबिवाह नभएको हुनाले बिवाह गरेको उत्तर दिए (तालिका १३) ।

तालिका १३. कम उमेरमा बिबाह/बालविवाहका कारणहरू

| कारणहरु | प्रतिशत |
|---|---|
| केटा वा केटी राम्रो पाएर | ३२ |
| कम उमेरमा विवाह गरीदीएमा दाईजो कमलाग्ने भएर | ५ |
| अपाङ्गता भएकोले | ० |
| राम्रो परिवार पाएकोले | २७ |
| बालविवाह नभएको | २५ |
| अन्य | ० |
| थाहा भएन | १० |

### ३.२.६ विवाहको कानुनी उमेर, बालबिवाह सम्बन्धी जानकारी र बालविवाह प्रचलन हुने कारणहरू

बिवाहको कानुनी उमेरको बारेमा २९९ महिला र ९६ पुरुषले थाहा छ भन्ने उत्तर दिए। यसमा ३२४ महिला र १०७ पुरुषले बालबिवाहको प्रचलन छ भने ४४ महिला र २३ पुरुषले प्रचलन छैन भने। समुदायमा बालविवाह प्रचलन जारी रहने कारणहरूमा आफै प्रेम सम्मन्ध भएर (३३ प्र.), साथीको लयलयमा लागेर (१८), पहिलेदेखि चलेको परम्परा (१३) र गरीबि (१२ प्र.) मुख्य कारक हुन् (तालिका १४) ।

तालिका १४ बालविवाह प्रचलन जारी रहने कारणहरू

| कारणहरु | प्रतिशत |
|---|---|
| पहिला देखि चलेको परम्परा भएर | १३ |
| गरिबी | १२ |
| उमेरबढ्दै जादा दाइजो पनि बढ्ने भएर | ४ |
| आफैप्रेम सम्बन्ध भएर | ३३ |
| साथीको लयलयमा लगेर/ देखासिखी गरेर | १८ |
| राम्रो घर कोकेटा/केटी सजिलै नपाउने भएर | ३ |
| अपाङ्गताको कारण | ० |
| सामाजिक संजाल को बढ्दो प्रयोग | ६ |
| यौनहिँसा हुने डरले | १ |

| | |
|---|---|
| ज्ञाननभएर वा अशिक्षित भएकोले | ७ |
| अन्य | ० |
| थाहा छैन | २ |

### ३.२.७ सम्भावित विकल्पहरू न्यूनीकरण/बालविवाहको अन्त्य

बालबिवाह प्रचलनमा न्यूनीकरण वा अन्त्यको लागि बालबालिकामा जनचेतना (२२ प्र.) तथा अभिभावकमा जनचेतना (१६ प्र.), कानून लागु गर्ने (१२ प्र.) अनिवार्य शिक्षा (१२ प्र.) आदी मुख्य विकल्पहरु हुन (तालिका १५)।

तालिका १५ सम्भावित विकल्पहरू न्यूनीकरण/बालविवाहको अन्त्य

| कारणहरु | प्रतिशत |
|---|---|
| बालबालिकाहरुमा जनचेतना | २२ |
| आमा बुवा/ अभिभावकमा जनचेतना | १६ |
| कानुन लागु गरेर | १२ |
| अनिवार्य शिक्षा | १२ |
| बाल क्लब र सुरक्षा समितिहरु सक्रिय र परिचालित | ६ |
| जनचेतना को लागि संचार माध्यम संग साझेदारी | ४ |
| आम्दानी मुलक गतिबिधि बढाउने | ३ |
| रोजगारीको अवसर | ७ |
| उच्च शिक्षाको अवसर | ४ |
| व्यावसायिक तालिमहरुको अवसरहरु उपलब्ध | ३ |
| लागुपदार्थको बेच बिखनमा नियम नगराउने | २ |
| प्रभाबकारी सडक नाटक गाऊ गाऊमा देखाउने | ३ |
| यौन तथा स्वास्थ्य अधिकार शिक्षा | ३ |
| थाहा छैन | ४ |

### ३.२.८ कम उमेरमा विवाहले केटाकेटीको जीवनमा नकारात्मक असरहरू बारे ज्ञान

कम उमेरमा गरिने बिवाहले केटा केटीमा पर्ने नकारात्मक असर मध्ये विद्यालय जान छोड्ने (१७ प्र.), स्वास्थ्य सम्बन्धी समस्या (१७ प्र.), चाडै गर्भवती हुने (१७ प्र.) साथै समाजिक, मानसिक तथा आर्थिक समस्याहरु हुने प्रमख हुन् (तालिका १६)।

तालिका १६. कम उमेरमा विवाहले केटाकेटीको जीवनमा नकारात्मक असरहरू बारे ज्ञान

| कारणहरु | प्रतिशत |
|---|---|
| स्कुल जानछोड्ने | १७ |
| स्वास्थ सम्बन्धि समस्या | १७ |
| चाडै गर्भवती हुने र बच्चा जन्मिने | १७ |
| सामाजिक कार्यक्रममा सहभागी हुन नपाउने | ५ |
| घर बाहिर जान नपाउने | ६ |

| | |
|---|---|
| मानसिक स्वास्थ सम्बन्धि समस्या | ९ |
| आर्थिक समस्या | ९ |
| कामको भार जिम्मेवारी बढ्ने | ९ |
| पारिवारिक कलह | ७ |
| लैङ्गिक हिंसा | ४ |
| थाहा छैन | १ |

## ३.२.९ बालविवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी

उत्तरदाताहरु मध्ये केहीलाई थाहा छैन भने बांकीहरुमा कम उमेरमा गरिने बिवाह गर्नु गराउनु हुंदैन (२३ प्र.), यदि गराएमा बिवाह दर्ता नहुने (३७ प्र.), बिवाह स्वत बदर हुने (१७ प्र.), कैद तथा जरिवाना (१६ प्र.) जस्ता कानुनी तथा परिणाम बारे जानकारी भएको पाइयो (तालिका १७) ।

तालिका १७ बालविवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी

| | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष भन्दा अगाडी केटा वा केटिलेविवाह गर्नु हुदैन वा गराउनु हुदैन | २५५ | २३ |
| विवाह स्वत बदर हुन्छ | १९३ | १७ |
| विवाह दर्ता हुदैन | ४०८ | ३७ |
| कैद र जरिवाना तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई | १७५ | १६ |
| अन्य | ० | ० |
| थाहा छैन | ८२ | ७ |

## ३.२.१० बालविवाह उन्मूलनका लागि यस क्षेत्रमा काम गर्ने संस्थाहरू बारे जानकारी

उत्तरदाताहरुले यस नगरपालिकामा २३ वटा संस्थाहरुले (परिशिष्ट १) बालबिवाह उन्मुलनमा काम गरिराखेका उत्तर दिए ।

## ४ मुख्य निष्कर्ष

- राजापुरमा ३८९ महिला र १५६ पुरुष गरी ५४५ जनासंग प्रश्नावली सोधिएको थियो । यसमा १४११ महिला र १४९३ पुरुष गरी २९०४ जना घरपरिवारका सदस्यहरु थिए ।
- उत्तरदाताहरु मध्ये सबैजसो हिन्दु धर्म अवलम्वन गर्ने मानिसहरु थिए ।
- उत्तरदाताहरुको परिवार सदस्य मध्ये आधा भन्दा वढिले जन्म दर्ता प्रमाणपत्र देखाएको २० प्रतिशतले दर्ता भए पनि प्रमाणपत्र नदेखाएका र ५ प्रतिशतको दर्ता नै नगरेको पाइयो ।
- जन्म दर्ता नभएकाहरु मध्ये थाहा नभएर, जन्म दर्ता महत्व नदिएर, बाबु आमाको नागरिकता नभएर, बाबु आमा नभएर भन्ने उत्तर पाइयो ।
- उत्तरदाताहरुको परिवार सदस्यहरुको मध्ये सबैभन्दा धेरै पढ्न छाडेका (३९ प्रतिशत), लागु नहुने (३० प्र.) विद्यालय तह (२७ प्र.) र कलेज तह (४ प्र.) रहेका छन् ।
- उत्तरदाताहरुको परिवार सदस्यहरुमा पढ्न छाड्ने कारणहरु मध्ये व्यक्तिगत, पारिवारिक, आर्थिक र बिबाह भएकाले मख्य हुन् । यसमा पनि २७ प्रतिशतले बिबाह भए पछि पढाइ छाडेका छन् ।
- उत्तरदाताका परिवारका सदस्यहरूको मुख्य पेशा कृषि पशुपालन (४९ प्रतिशत), मजदुरी (१५ प्र) बिद्यार्थी (२० प्र.) रहेको छ ।
- राजापुर नगरपालिकामा एक वर्षमा ९७० बिबाह भएका थिए । यसमा ४६५ बिबाह बालबिबाहमा पर्दछन् जुन जम्मा बिबाहको ४८ प्रतिशत हुन आउँछ । वडा नं ७ र ९ मा वढि र वडा नं ३ मा कम छ ।
- बिबाह हुँदा र बिबाह पछिको शिक्षाको अवस्था हेर्दा विद्यालय तहमा पढाइ छोड्नेको संख्या बढि छ भने कलेज तहमा बढेको देखिन्छ ।
- बिबाह अघि पढिहेको संख्या ६३ जना भएकोमा बिबाह पछि १३ जना (२० प्रतिशत मात्र) भने कृषि पशपालन, मजदरी, गृहणीमा बृद्धि भएको पाइयो ।
- बिबाह भएको एक वर्षमा एक जनाको छोडपत्र भएको, १९ जना गर्भवति र १८ जनाको बच्चा भएको पाइयो ।
- उत्तरदाताहरुमा कम उमेरमा बिबाह भएका कारणहरु सोध्दा ३२ प्रतिशतले केटा वा केटी राम्रो भएर, २७ प्रतिशतले राम्रो परिवार भएर र २५ प्रतिशतले बालबिबाह नभएको हुनाले बिबाह गरेको उत्तर दिएका थिए ।
- बिबाहको कानुनी उमेरको बारेमा २९९ महिला र ९६ पुरुषले थाहा छ भन्ने उत्तर पाइयो । यसमा ३२४ महिला र १०७ पुरुषले बालबिबाहको प्रचलन छ भने ४४ महिला र २३ पुरुषले प्रचलन छैन भने । समुदायमा बालविवाह प्रचलन जारी रहने कारणहरूमा आफै प्रेम सम्मन्ध भएर (३३ प्र.), साथीको लयलयमा लागेर (१८), पहिलेदेखि चलेको परम्परा (१३) र गरीबि (१२ प्र.) मुख्य हुन् ।
- बालबिवाहको प्रचलनमा न्यूनीकरण वा अन्त्यको लागि बालबालिकामा जनचेतना (२२ प्र.) तथा अभिभावकमा जनचेतना (१६ प्र.), कानून लागु गर्ने (१२ प्र.) अनिवार्य शिक्षा (१२ प्र.) मुख्य विकल्पहरु हुन ।
- कम उमेरमा गरिने बिवाहले केटा केटीमा पर्ने नकारात्मक असर मध्ये विद्यालय जान छोड्ने (१७ प्र.), स्वास्थ्य सम्बन्धी समस्या (१७ प्र.), चाडै गर्भवती हुने (१७ प्र.) साथै समाजिक, मानसिक तथा आर्थिक समस्याहरु हुन् ।

- कम उमेरमा गरिने बिवाह गर्न गराउनु हुदैन (२३ प्र.), यदि गराएमा बिवाह दर्ता नहुने (३७ प्र.), बिवाह स्वत कदर हुने (१७ प्र.), कैद तथा जरिवाना (१६ प्र.) जस्ता कानुनी तथा परिणाम बारे जानकारी भएको पाइयो ।
- उत्तरदाताहरुले यस नगरपालिकामा २३ वटा संस्थाहरुले बालबिवाह उन्मुलनमा काम गरिराखेका उत्तर दिए ।
-

## ५ परिशिष्ट

१. बालबिवाह उन्मुलनमा कार्य गर्ने संघसंस्थाहरु

- आमा समुह
- प्लान नेपाल
- माईती नेपाल
- आर.के.जे.एस
- बाँके युनेस्को क्लब
- प्लान ईन्टरनेशनल
- बि ग्रुप
- बेश
- साथी
- गि ग्रुप
- ईलाका प्रहरी प्रशासन कार्यालय
- कमलारी महिला जागरण संस्था
- क्यारिटेस नेपाल
- ग्रिन टुरी
- महिला संजाल
- नगरपालि
- युवा संजाल
- रुम टु रिड
- युथ क्लब
- महिला समुह
- सुहारा
- नेपाल प्रहरी
- स्याक नेपाल बैंक